कोशी प्रदेश सरकार

भौतिक पुर्वाधार विकास मन्त्रालय

पूर्वाधार बिकास निर्देशनालय

# पूर्वाधार बिकास कार्यालय

सोलुखुम्बु, नेपाल

प.सं. :-२०८२/०८३ मिति :- २०८३/०३/१७

च. नं :-

## " कर्मचारीमाथि भएको कुटपिट तथा सांघातिक आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको सम्बन्धमा "

मिति २०८३/०३/१५ गते पूर्वाधार विकास कार्यालय, भोजपुरमा कार्यरत सब-इन्जिनियर श्री आनन्द कुमार साहमाथि आफ्नो कार्यस्थलमा निर्माणाधिन आयोजनाको स्थलगत अनुगमनका क्रममा गुणस्तर कायम गर्न निर्देशन दिने क्रममा सांघातिक आक्रमण गरी निर्घात कुटपिटको घटनाप्रति यस पूर्वाधार विकास कार्यालय, सोलुखुम्बुको गम्भीर ध्यानाकर्षण भएको छ । यस कार्यालय उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै घोर भर्त्सना गर्दछ ।

सार्वजनिक सेवा प्रवाहका क्रममा राष्ट्रसेवक कर्मचारीमाथि हुने हिंसात्मक, अमर्यादित तथा अराजक गतिविधि कुनै पनि दृष्टिकोणबाट स्वीकार्य हुन सक्दैन । यस्ता घटनाले कर्मचारीहरुको मनोबलमा गम्भीर असर पार्नुका साथै सुरक्षित र मर्यादित कार्य वातावरणमा समेत चुनौती सिर्जना गर्दछ तसर्थ, यस गैरकानुनी तथा आपराधिक घटनामा संलग्न व्यक्तिहरुमाथि तत्काल निष्पक्ष छानबिन गरि प्रचलित कानुनबमोजिम कडा कारबाही गर्न सम्बन्धित निकायसमक्ष यस पूर्वाधार विकास कार्यालय, सोलुखुम्बु जोडदार माग गर्दछ । यस कार्यालय, पूर्वाधार विकास कार्यालय, भोजपुर सँग ऐक्यबद्धता व्यक्त गर्दै पीडित सब-इन्जिनियर श्री आनन्द कुमार साहको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

भविष्यमा यस्ता प्रकृतिका घटनाहरु पुनः नदोहोरिने वातावरण सिर्जना गर्न सम्बन्धित सबै निकायलाई आवश्यक पहल गर्न समेत अनुरोध गर्दछ ।

"कोशीको गौरव हिमालको शानपर्यटन वर्षमा सबैलाई सम्मान

फोन नं — ०३८-५२०४९९ इमेल :- idosolukhumbu@gmail.com